**आदरणीय अभिभावकज्यू,**

आज मिति २०७७ साल पौष २३ गते बिहिबार दोस्रो चौमासिक परीक्षा अन्तर्गतका नर्सरीदेखि कक्षा ५ सम्मका सम्पूर्ण परीक्षाहरू सम्पन्न भएको कुरा जानकारी गराउन चाहन्छौं। भोलि मिति २०७७ साल पौष २४ गते शुक्रबारदेखि माघ २ गते शुक्रबारसम्म जाडो बिदाको रूपमा विद्यालय बिदा रहने कुरा अवगत गराउन चाहन्छौं।

कक्षा ६ देखि १० सम्म भौतिक रुपमा कक्षाहरू सञ्चालन भइरहेको यथार्थ यहाँहरूलाई अवगत नै छ। किन्डरगार्टेन तह (Nursery, L. Kg. र U. Kg.) तथा कक्षा ४ र ५ का परीक्षाहरू पनि भौतिक रूपमा विद्यालयमै सफलतापूर्वक सञ्चालन भएको कुरा पनि यहाँहरूलाई विदितै छ।

त्यसैले, माघ ४ गते आइतबारदेखि नर्सरीदेखि कक्षा ५ सम्मका कक्षाहरू पनि भौतिक रुपमै विद्यालयमा सञ्चालन गर्ने गरी तयारी भइरहेको कुरा यहाँहरूलाई जानकारी गराउन चाहन्छौं। यस सम्बन्धी आधिकारिक सूचना यही माघ २ गते शुक्रबार सम्ममा कक्षागत मेसेन्जर ग्रुप, स्कूल एप तथा विद्यालयको वेवसाइट मार्फत प्रकाशित गरिने कुरा पनि अवगत गराउन चाहन्छौं। माघ ४ गते आइतबारदेखि विद्यालयको बस पनि सञ्चालन गरिने कुरा अवगत गराउन चाहन्छौं।

बिदाको फुर्सदको समयलाई सदुपयोग गर्न जाडो बिदा गृहकार्य (Winter Vacation Homework) उपलब्ध गराइएको हुँदा आफ्ना नानीबाबुलाई सम्पूर्ण गृहकार्य गर्न लगाउनुहुन पनि आग्रह गर्न चाहन्छौं। Winter Vacation Homework विद्यालयको वेवसाइट www.riviera.edu.np मा उपलब्ध छ।

धन्यवाद।

**विद्यालय प्रशासन** **मिति २०७७ साल पौष २३ गते बिहिबार**
**रिभेरा इन्टरनेसनल एकेडेमी**